नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७७ माघ महिनाको कार्यसम्पादनसम्बन्धी सार्वजनिक जानकारी-पत्र

वर्ष-१ अंक-७

### १. परिचय

राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिकाको हक हित र अधिकार संरक्षण र प्रवर्द्धन गर्न बालबालिकासम्बन्धी ऐन, २०४८ अनुसार स्थापित तत्कालीन केन्द्रीय बालकल्याण समितिलाई रूपान्तरण गरी बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ५९ बमोजिम नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीको अध्यक्षतामा गठन भएको बालबालिका सम्बन्धी विशिष्टीकृत निकाय हो ।

### २. उद्देश्यहरूः


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान,संरक्षण,प्रवर्धन र परिपूर्तिका लागिआवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रसार प्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

### ३. परिषदले २०७७ माघ महिनामा सम्पादन गरेकाकार्यहरू

#### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर यस महिनामा हराएका ३९९ (बालक ९५, बालिका ३०४) जना बालबालिकाको खोजतलास गरी १४० (बालक ३६, बालिका १०४) जना बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ । त्यसैगरी ३४ जना (बालक १६ र बालिका १८) बालबालिकालाई वेवारिस अवस्थामा फेला पारी १५ जना बालबालिका (बालक ८ र बालिका ७) लाई पारिवारिक पुनर्मिलन गरिएको छ भने १९ जना बालबालिका (बालक ८ र बालिका ११)लाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ । यसका साथै श्रावण महिनादेखि हराएका र खोजिकार्य जारी रहेका ८७४ (बालक १७६ र बालिका ६९८) बालबालिका मध्ये ९४ (बालक २२ र बालिका ७२) जना माघ महिनामा फेला परेका छन् । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ ।



(ख) यस महिनामा काठमाडौं उपत्यका, पोखरा, इटहरी, धरान, बुटवल, दाङ, सोलुखुम्बुबाट २० जना सडक बालबालिका (बालक १६ र बालिका ४) को उद्धार गरी अस्थायी संरक्षण सेवा केन्द्रमा व्यवस्थापन गरिएको छ ।

(ग) परिषद्ले विभिन्न ७ सामाजिक संस्थाको सहकार्यमा सञ्चालित ११ वटा बाल हेल्पलाईन नं. १०९८ मार्पmत जोखिममा परेका बालबालिकाको उद्दार, व्यवस्थापन तथा सहयोग हुँदै आइरहेको छ । जस अनुसार मोरङ्बाट ६, सुनसरीबाट ५, उदयपुरबाट ५, काठमाडौंबाट ७, सुर्खेतबाट १२, दैलेखबाट २, बाँके ८, संखुवासभा ५, जना गरी कूल ५० जना (बालक २८, बालिका २२) जोखिम, हिंसा तथा दुव्र्यवहारमा परेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये ४४ बालबालिका (बालक २६ र बालिका १८) लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिनाको बाँकी तथा अगाडि महिनाको समेत गरी ३५ जना (बालक १५ र बालिका २०) लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ । यस महिनामा कुल ४८४ (बालक २०६ र बालिका २७८) जनालाई आवश्यक राहत, मनोविमर्श, लगायतको सहयोग तथा सेवाहरु उपलब्ध गराइएको छ भने चालु आ.व.को माघ मसान्तसम्म कुल ४७६९ जना बालबालिका (बालक १८८७ र बालिका २९७२) लाई सेवा प्रदान गरिएको छ । बालबालिकालाई तलको तालिकामा उल्लेख गरे बमोजिमको सहयोग उपलब्ध गराइएको छः

| क्र.स. | सहयोगको विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १. | स्वास्थ्य उपचार सहयोधग | ८० | ११८ | १९८ |
| २. | मनोसामाजिक मनोविमर्श | ४७६ | ६७३ | ११४९ |
| ३. | पारिवारिक परामर्श | ३५१ | ५९३ | ९४४ |
| ४. | कानूनी परामर्श | ५५ | २०८ | २६३ |
| ५. | स्याहार, सुरक्षा तथा संरक्षण सहयोग | ४६० | ४८९ | ९४९ |
| ६. | शैक्षिक सहयोग | २१३ | ३७९ | ५९२ |
| ७. | बाल विवाह रोकथाम सहयोग | २५ | १३२ | १५७ |
| ८. | आय आर्जन सहयोग | १३ | ३३ | ४६ |
| ९. | अन्य सहयोग | १७९ | २९२ | ४७१ |

(घ) परिषदले काठमाडौं जिल्लाका कीर्तिपुर, कागेश्वरी मनहरा, तारकेश्वर, चन्दागिरी, दक्षिणकाली नगरपालिकाका २४ वटा बालगृहमा स्थलगत अनुगमन गरी ती बालगृहहरूमा आश्रित रहेका २६१ बालक र २४३ बालिका गरी ५०४ जना बालबालिकाको अवस्था अनुगमन गरेको छ । अनुगमन गरिएका बालगृहहरू मध्ये ३ वटा बालगृहहरुले मन्त्रालयले जारी गरेको मापदण्ड पालन गरेको र २१ वटाले नगरेको पाइएको छ । २४ वटा बालगृहमा संरक्षित ५०४ जना बालबालिका मध्ये बाबुआमा दुवै अभिभावक नभएका ८८ जना, बुवा मात्र भएका ९७ जना, आमा मात्रै भएका १५४ जना, बुवाआमा दुवै भएर पनि बालगृहमा रहेका १५९ जना र अभिभावकको अवस्था नखुलेका ६ जना बालबालिका रहेका छन् । २४ वटा मध्ये जम्मा ४ वटा बालगृहले मात्र समाजकल्याण परिषद्वाट स्वीकृति लिएको देखिन्छ भने १२ वटा बालगृहले स्वदेशी दाताबाट सहयोग लिएर सञ्चालन गरेको देखिन्छ । मापदण्ड पुरा नगरेका तर सुधार गर्न सक्ने १७ वटा बालगृहहरुलाई सुधारका लागि निर्देशन दिनुका साथै गम्भीर रुपमा कमजोरी गरेका ४ वटा मापदण्ड पुरा नगरेका बालगृहहरूलाई कारवाहीको प्रक्रिया अगाडि बढाइएको छ ।

(ङ) मिति २०७७ माघ २ का दिन ललितपुर महानगरपालिका—२३ धापाखेलबाट विगत ३ वर्षदेखि काम गर्दै आएकी वर्ष १५ की बालिका र मिति २०७७ माघ २३ गते नागार्जुन नगरपालिका—२ बाट प्रचलित कानून विपरित विगत ११ महिनादेखि घरेलु श्रममा लगाइएकी एक बालिकालाई राष्ट्रिय बाल अधिकार परिषद्, श्रम तथा रोजगार कार्यालय, महानगरीय प्रहरी, बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) र बाल हेल्पलाइन १०९८ काठमाडौंको समन्वय र सहकार्यमा उद्धार गरी अस्थायी संरक्षणमा राखिएको छ । कानून विपरित घरेलु बालश्रममा लगाउने रोजगार दातालाई कारवाहिको दायरामा ल्याई नागर्जुनबाट उद्धार गरिएकी बालिकालाई रू.१ लाख रुपैंया क्षतिपूर्ति समेत भराईएको छ ।

(च) यस महिनामा विशेष संरक्षणको आवश्यकता भएका ५ (बालक ३ र बालिका २) जना बालबालिकालाई आर्थिक सहयोग, ४ (बालक २ र बालिका २) स्थायी संरक्षण सेवा प्रदान गर्नका लागि एस.ओ.एस. बाल ग्राममा पठाइएको, २ (बालक १ र बालिका १) अस्थायी संरक्षण सेवाका लागि सिफारिस गरिएको, १ जना बालकलाई बाल सुधार गृहबाट उपचारका लागि अस्पताल पठाइएको, २ (बालक १ र बालिका १) जनालाई शैक्षिक सहयोग प्रदान गरिएको छ ।

## अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) मिति २०७७ माघ २ गते राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशकज्यूको अध्यक्षता, प्रदेश नं.१, आन्तरिक

मामिला तथा कानून मन्त्रालयका माननीय मन्त्री श्री हिक्मत कार्कीज्यूको प्रमुख आतिथ्यता तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव श्री राजेन्द्र पौडेल, १ नं. प्रदेश प्रहरी कार्यालयका प्रमुख श्री इश्वरबाबु कार्की र सामाजिक विकास मन्त्रालयका सामाजिक विकास महाशाखा प्रमुख श्री दुर्गा बरालको आतिथ्यतामा बालबालिका खोजतलास नं. १०४ सञ्चालन तथा बाल अधिकार प्रवद्र्धन सम्बन्धी एक दिने अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा प्रदेश नं. १ अन्तर्गत सञ्चालित १४ जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रहरूमा कार्यरत ८६ जना प्रहरी कर्मचारीहरूको सक्रिय सहभागिता रहेको थियो ।



(ख) मिति २०७७ माघ ०५ गते बालगृहको दर्ता, सञ्चालन, अनुमति, नियमन तथा व्यवस्थापन गर्ने विषयमा स्पष्टता कायम गर्न तथा बालगृहमा बाल अधिकार विपरित कार्य गर्ने गराउनेलाई कानूनी दायरामा ल्याई बाल अधिकारको सुनिश्चित गर्ने विषयमा राष्ट्रिय बाल अधिकार परिषद्ले सरोकारवाला निकाय बीच छलफल कार्यक्रम सम्पन्न गरेको छ । महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, समाज कल्याण परिषद्, बौद्ध दर्शन प्रवद्र्धन तथा गुम्बा विकास समिति, कम्पनी रजिष्ट्रार कार्यालय, ललितपुर जिल्ला प्रशासन कार्यालय सहित १५ जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा बाल अधिकारका सवालहरू, जस्तैः बालबालिकाको जन्मदर्ताको विषय, वैदेशिक अनुदान, गुम्बा र विहार लगायतका धार्मिक संस्थाहरूमा रहेका बालबालिकाको अवस्था अनुगमन, विद्यालय र होस्टलका नाममा सञ्चालनमा रहेका बालगृहको अवस्थाको अनुगमन, बालगृहको दर्ता, नवीकरण लगायतका मापदण्ड विपरित सञ्चालनमा रहेका बालगृहहरूको अनुगमन तथा नियमन तथा बाल अधिकारका सवालहरूको सम्बोधन गर्न सबै सरोकारवाला निकायले आ—आफ्नो फर्तबाट प्रयास जारी राख्ने सहमति भएको छ ।



(ग) मिति २०७७ माघ ०७ गतेका दिन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री तथा राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री जुली कुमारी महतोज्यूले नेपाल बाल संगठनको अनुगमन गरी त्यहाँ रहेका बालबालिकाका लागि खेलकुद, मनोरञ्जन र अध्ययन सम्बन्धी सामग्री हस्तान्तरण गर्नुभयो । मन्त्रीज्यूको साथमा मन्त्रालयका सचिव श्री याम कुमारी खतिवडा, बालबालिका शाखाका प्रमुख र राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशकज्यूको समेत उपस्थिति रहेको थियो । नेपाल बाल संगठनका अध्यक्षले सो अवसरमा त्यहाँको वर्तमान अवस्था र सुधारात्मक प्रयास बारे मन्त्रीज्यूलाई जानकारी गराउनु भयो ।



(घ) मिति २०७७ माघ ८ गते राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य एवम् बालगृह अनुगमन उपसमितिका संयोजक श्री सुन्दर लामिछानेज्यूको अध्यक्षतामा चितवन जिल्लामा सञ्चालित २३ वटा बालगृहका २८ जना बालगृह व्यवस्थापक र प्रतिनिधिहरूलाई आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड र विद्यमान कानूनी व्यवस्थाका विषयमा चितवनमा अभिमूखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा परिषद्का कार्यकारी निर्देशक श्री मिलनराज धरेल, बालगृह उपसमितिका सदस्य श्री रबिन नेपाली र विष्णुमाया भूसालज्यूले बालगृहको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा सम्बोधन गर्नुभएको थियो भने परिषद्काका कार्यक्रम व्यवस्थापक नमुना भूसालले बालगृहको मापदण्ड र विद्यमान कानूनी व्यवस्थाका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।




(ङ) मिति २०७७ माघ ०९ गते इलाम जिल्लामा प्रदेश नं.१ मा रहेका १४ जिल्लामा बालअधिकारका क्षेत्रमा कार्यरत संस्थाहरू र बालहेल्पलाईन १०९८ सञ्चालक संस्था सहित २५ जनाको सहभागितामा स्थानीय तहमा बाल अधिकार संरक्षणका सवाल, सम्भावना र भूमिका विषय र बाल हेल्पलाईन १०९८ को सञ्चालन र सरोकारवालाको भूमिकाको विषयमा समन्वय छलफल तथा सहजीकरण गरिएको थियो भने बालबालिका सम्बन्धी १० वर्षे रणनीतिक कार्ययोजना लागि सुझाव समेत संकलन गरिएको थियो ।

(च) मिति २०७७ माघ ९ गते बालबालिका सम्बन्धी ऐन, २०७५ को कार्यान्वयन सम्बन्धमा राष्ट्रिय बाल अधिकार परिषद्, बागमती प्रदेश सामाजिक विकास मन्त्रालय र प्रदेश बाल अधिकार समिति बीच अन्तक्रिया कार्यक्रम हेटौंडामा सम्पन्न भएको छ । यस कार्यक्रममा बागमती प्रदेशका प्रमुख सचिव डा. मानबहादुर वि.क., बागमती प्रदेश नीति तथा योजना आयोगका माननीय सदस्य श्री यमुना कडेल, सामाजिक विकास मन्त्रालयका सचिव श्री दिपक काफ्ले, राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य श्री सुन्दर लामिछाने, कार्यकारी निर्देशक श्री मिलनराज धरेल, बालगृह अनुगमन उप—समितिका सदस्यज्यूहरू, प्रदेश बाल अधिकार समितिका पदाधिकारी ज्यूहरू, प्रहरी प्रशासनका प्रतिनिधिज्यूहरू लगायत २७ जनाको उपस्थिति रहेको उक्त कार्यक्रमबाट राष्ट्रिय बाल अधिकार परिषद् र प्रदेश सामाजिक विकास मन्त्रालयका बीच बालबालिकाको विषयमा हुने कार्यक्रममा सहकार्य, समन्वय र साझेदारिता निरन्तर रहने सहमति समेत भएको छ । यसै विषयमा परिषद्का प्रतिनिधि मण्डलले बागमती प्रदेशका मुख्यमन्त्री श्री डोरमणी पौडेलसँग समेत छलफल गरेको थियो ।



(छ) मिति २०७७ माघ १४ गते राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशकज्यूको अध्यक्षता, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री तथा राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री जुलीकुमारी महतोज्यूको प्रमुख आतिथ्यतामा राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा बाल अधिकार सुनिश्चितताका लागि प्रदेश स्तरीय छलफल कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा प्रदेश सामाजक विकास मन्त्रालयका प्रतिनिधिहरू, प्रदेश नं २ का सबै जिल्लाका जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख तथा जिल्ला समन्वय अधिकारी, धनुषा जिल्लाका सबै स्थानीय तहका प्रमुख र अध्यक्ष, उप—प्रमुख÷उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृत तथा प्रतिनिधिज्यूहरू, लगायत बालबालिकाको क्षेत्रमा कार्यरत सबै गैर सरकारी संस्थाका प्रतिनिधिज्यूहरूको उपस्थिति रहेको कार्यक्रममा १५० जनाको सहभागिता रहेको थियो । परिषद्का अध्यक्षज्यूले बाल अधिकार सुनिश्चितताका लागि प्रदेश तथा स्थानीय तहले विशेष ध्यान दिनुपर्ने र परिषद्का कार्यकारी निर्देशकज्यूले ऐनमा भएका नीतिगत तथा संरचनागत व्यवस्था कार्यान्वयन गर्नुपर्ने विषयमा सम्बोधन गर्दै प्रदेश नं. २ ले बेटी बचाउँ, बेटी पढाउँ, बालिका विमा, बालश्रम र बालविवाह मुक्त समाज निर्माण, घरेलु हिंसा मुक्त समाज, दहेज प्रथाको अन्त्य लगायतका अत्यन्त गहन विषयमा प्राथमिकताका साथ कार्य सुरुवात गर्नाले बाल अधिकारको सवाल सुनिश्चित हुनसक्ने विषयलाई सम्बोधन गर्नु भएको थियो ।



(ज) मिति २०७७ माघ, १५ गते बालगृह अनुगमन उप–समितिका सदस्य एवं समाज कल्याण परिषद्का उप निर्देशक श्री सञ्जय कुमार मल्लिकज्यूको अध्यक्षता तथा १६ गते राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य श्री भिमलाल गुरुङज्यूको अध्यक्षतामा काठमाडौं महानगरपालिका, टोखा नगरपालिका, तारकेश्वर नगरपालिका र दक्षिणकाली नगरपालिकामा सञ्चालित ५१ वटा बालगृहका ६३ जना पदाधिकारी, व्यवस्थापक र कर्मचारीलाई सम्बन्धित पालिकाका बालबालिका शाखा हेर्ने प्रमुख एवं प्रतिनिधिज्यूहरूको आतिथ्यतामा बालबालिका सम्बन्धी विद्यमान् कानूनी व्यवस्था र बालगृह सञ्चालन सम्बन्धी प्रचलित मापदण्डको बारेमा अभिमूखीकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा परिषद्का कार्यकारी निर्देशक श्री मिलनराज धरेलज्यूले खुला छलफलमा उठेका सुझाव र जिज्ञासाहरूको सम्बोधन गर्नु भएको थियो ।



(झ) मिति २०७७ माघ २० गते उदयपुरमा सञ्चालित बालहेल्पलाईन १०९८ को राष्ट्रिय बाल अधिकार परिषद्को तर्फबाट अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव प्रदान गरिएको छ । उक्त अनुगमन समितिमा राष्ट्रिय बाल अधिकार परिषद्का प्रदेश–१का समन्वय अधिकृत, नयाँ बालहेल्पलाइन सञ्चालन अनुमति प्राप्त सेवा प्रदायक संस्थाका पदाधिकारी, मानव अधिकार मञ्च ईलामका प्रतिनिधिहरू गरी ७ जनाको उपस्थिति रहेको थियो । उक्त अनुगमनको क्रममा १०९८ को प्रभावकारी कार्यान्वयनका लागि चौबिसै घण्टा बाल हेल्पलाइन सञ्चालन गर्न, बाल हेल्पलाइनका अभिलेखहरुलाई व्यवस्थित राख्न, बालबालिकाको घटना व्यवस्थानको प्रक्रिया अवलम्बन गर्न र स्थानीय तहहरूसँग समन्वय गर्ने लगायतका विषयमा सुझाव प्रदान गरिएको थियो ।

(ञ) मिति २०७७ माघ २७ गते सुरक्षित ईन्टरनेट दिवस (९ फेब्रुअरी) को उपलक्ष्यमा राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य श्री ईन्दिरा योन्जनज्यूको अध्यक्षतामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्को समन्वयमा “बालबालिकाको लागि सुरक्षित ईन्टरनेट विषयक अन्तक्रिया कार्यक्रम” सम्पन्न भएको छ । कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव श्री उमेस ढुङ्गाना, राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य श्री सुन्दर लामिछाने, श्री भिमलाल गुरुङ, कार्यकारी निर्देशक श्री मिलनराज धरेल, मन्त्रालयका उपसचिव श्री शान्तिराज प्रसाई तथा अन्य सरोकारवाला सहित २४ जनाको सहभागिता रहेको थियो । क्रियसन सोसाइटीका अनलाइन सुरक्षा अभियन्ता श्री हरीबोल आचार्यले कार्यपत्र प्रस्तुत गर्नुभएको यस कार्यक्रममा बालबालिकाको लागि सुरक्षित ईन्टरनेट सेवा प्रदान गर्ने, बालबालिका माथि हुने डिजिटल डिभाइडलाई बाल सहभागिता तथा बाल संरक्षणको दृष्टिकोणबाट कसरी हेर्ने, इन्टरनेटमा बालबालिकाको सुरक्षाको सुनिश्चितताका लागि सरोकारवालाको भूमिका के हुने र अनालाइन माध्यमबाट बालबालिका माथि हुने दुव्र्यवहारको न्यूनीकरण तथा पीडितको संरक्षण सहायता व्यवस्थापन कसरी गर्ने र अनलाइन सुरक्षा सम्बन्धी कार्यविधि बनाउनु पर्ने लगायतका विषयमा छलफल भएको थियो । साथै महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अनलाईन सुरक्षा सम्बन्धि कार्यविधि तयारीका लागि कार्यदल गठन गरी काम शुरु गरेको छ ।


(ट) मिति २०७७ माघ २८ गते राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य श्री बिमला ज्ञवालीज्यूको अध्यक्षतामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्को संयुक्त रूपमा “बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा विषयक अन्तरक्रिया गोष्ठी” सम्पन्न भएको छ । कार्यक्रममा बालबालिका सम्बन्धी १० वर्षे कार्ययोजना, बाल अधिकार सम्बन्धी नेपालको प्रतिवेदनमा संयुक्त राष्ट्रसंघको टिप्पणीको कार्यान्वयन समीक्षा, स्थानीय तहमा बाल अधिकार सम्बन्धी नमूना कार्यविधि लगायतका विषयमा छलफल गरिएको थियो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सहसचिव श्री उमेस ढुङ्गाना, राष्ट्रिय बाल अधिकार परिषद्का सदस्य श्री सुन्दर लामिछाने, श्री भिमलाल गुरुङ, कार्यकारी निर्देशक श्री मिलनराज धरेल तथा अन्य सरोकारवाला सहित कार्यक्रममा ४७ जनाको सहभागिता रहेको थियो ।



(ठ) २०७७ माघ महिनामा जिल्ला समन्वय समिति, ईलाम, उदयपुर, खोटाङ, ओखलढुङ्गा, भोजपुर, संखुवासभा, धनकुटा र तेह्रथुमको आयोजना तथा राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरण एवं मानवअधिकार मञ्च र स्थानीय नागरिक संस्थाहरुको समन्वयमा बाल अधिकार सुनिश्चितताका लागि जिल्ला स्तरीय छलफल कार्यक्रम सम्पन्न गरिएको छ । ८ जिल्लामा सम्पन्न यस अभिमूकीरण तथा छलफल कार्यक्रममा ६५ स्थानीय तह तथा ८ जिल्ला समन्वय समितिबाट १४० जना स्थानीय तहका प्रतिनिधि तथा अन्य संघ संस्थाका १०६ जना सहभागि समेत गरी २४६ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा सम्बन्धित जिल्लाका सबै पालिकाका प्रमुख÷अध्यक्ष, उप–प्रमुख÷उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत लगायत बाल अधिकारका क्षेत्रमा क्रियाशील सेवा प्रदायक संस्थाहरूको सहभागिता रहेको थियो । कार्यक्रमबाट सबै स्थानीय तहहरूले बाल अधिकार सम्बन्धी कार्यविधि, बाल अधिकार सम्बन्धी संरचना, बालकल्याण अधिकारीको व्यवस्था, बाल कोषको स्थापना गर्ने विषयमा प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।

**जिल्ला स्तरीय कार्यक्रमको तालिका**


| मिति | जिल्ला | सहभागी संख्या | छलफलको विषय |
|---|---|---|---|
| २०७७ माघ २० | उदयपुर | ८ जिल्लाका जि.स.स.बाट १२ जना, ६५ स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रशाकीय प्रमुख तथा प्रतिनिधि १२८ जना, अन्य सरोकारवाला निकायबाट १०६ जना गरी जम्मा २४६ जनाको सहभागिता रहेको थियो । | ८ वटा जिल्लाका ५६ वटा स्थानीय तहहरूले बाल अधिकार सम्बन्धी कार्यविधि, बाल अधिकार सम्बन्धी संरचना, बालकल्याण अधिकारीको व्यवस्था, बाल कोषको स्थापना गर्ने विषयमा ५ बुँदे लिखित प्रतिवद्धता गर्नु भएको थियो भने धनकुटा जिल्लाले बाल श्रम मुक्त जिल्ला घोषणा गर्ने थप एउटा बुँदा थपी ६ बुँदे लिखित प्रतिवद्धता गरेको छ । |
| २०७७ माघ १५ | इलाम | | |
| २०७७ माघ २२ | ओखलढुङ्गा | | |
| २०७७ माघ २३ | खोटाङ | | |
| २०७७ माघ २५ | भोजपुर | | |
| २०७७ माघ २६ | संखुवासभा | | |
| २०७७ माघ २७ | धनकुटा | | |
| २०७७ माघ २८ | तेह्रथुम | | |






## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ईपोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका ५९ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरुसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीयतह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिकाका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।




## कोभिड १९ र बालबालिका

(क) (क) कोभिड–१९ को महामारी शुरू भएदेखि २०७७ फागुन १३ गतेसम्म २० वर्षसम्मका २३ हजार ९६६ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका ६,४३१ बालबालिका (३८०० बालक र २६३१ बालिका) प्रभावित भएको देखिन्छ । प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।



*राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीति योजना तथा सञ्चालित, जानकारीको ,कार्यक्रमहरूको बारेमा थप सूचना लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।*


रामबहादुर चन्द

सूचना अधिकारी

राष्ट्रिय बाल अधिकार परिषद्

सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ .

९८४१३८६८७१ मो)

इमेलः- ram@ncrc.gov.np, rambdrchand@gmail.com ,

contact@ncrc.gov.np

वेवसाइटः-www.ncrc.gov.np,

ई-पोर्टलः- www.childrights.gov.np

Facebook:- https://www.facebook.com/ncrc.nepal.5,

https://www.facebook.com/ncrcnepalgov